# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : ०६/२०७८-७९ मिति: २०७८/०६/१९

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) एकीकृत इ.प्रा. परिपत्रः १४/२०७६ को दफा ४, दफा ५, दफा ६ र दफा ७ मा संशोधनः

४. विदेशस्थित कुनै निकायलाई नेपालबाट वस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका व्यवसाय गर्न र सो प्रयोजनको लागि आवश्यक पर्ने अग्रिम भुक्तानी लिने प्रयोजन समेतको लागि सम्बन्धित व्यवसायीको अनुरोधमा इजाजतपत्रप्राप्त "क" वर्गका बैंकले जारी गर्ने विदेशी मुद्रा (भारतीय रुपैयाँ समेत) को बैंक ग्यारेण्टी (बिड वण्ड, परफरमेन्स बण्ड इत्यादि) **वा Standby Letter of Credit** ।

५. उल्लिखित बैंक ग्यारेण्टी **वा Standby Letter of Credit** जारी गर्दा **सोको** आवश्यकता सम्बन्धी आधिकारिक कागजात लिनु पर्नेछ ।

६. बैंक ग्यारेण्टी **वा Standby Letter of Credit** जारी गरे पश्चात सिर्जना हुने सम्पूर्ण दायित्व सम्बन्धित बैंक तथा वित्तीय संस्थाकै हुनेछ ।

७. विदेशमा ऋण लिने प्रयोजनको लागि यस्तो बैंक ग्यारेण्टी **वा Standby Letter of Credit** जारी गर्न पाइने छैन ।

**तर, विदेशी मुद्रा आम्दानी गरेका नेपाली फर्म/कम्पनी/संघ/संस्था/निकायलाई विदेशमा कारोबार सञ्चालन गरी नेपालमा थप विदेशी मुद्रा भित्र्याउने प्रयोजनका लागि देहायबमोजिमका शर्त तथा कागजातहरुको आधारमा विदेशमा ऋण लिने प्रयोजनको लागि समेत बैंक ग्यारेण्टी वा Standby Letter of Credit जारी गर्न यस बैंकबाट स्वीकृति प्रदान गर्न सकिनेछ ।**

(१) **बैंक ग्यारेण्टी वा Standby Letter of Credit को अधिकतम सीमा अमेरिकी डलर ५० लाख वा सो बराबरको अन्य विदेशी मुद्रा हुनेछ । त्यस्तो सीमा बैंक ग्यारेण्टी वा Standby Letter of Credit को निवेदकले पछिल्ला ५ आर्थिक वर्षहरुभित्र बैंकिङ्ग प्रणालीबाट आम्दानी गरेको कुल विदेशी मुद्राभन्दा बढी हुने छैन र विदेशमा लिइने ऋण रकमभन्दा बढी हुने छैन ।**

(२) बैंक ग्यारेण्टी वा **Standby Letter of Credit** जारी गरी विदेशमा ऋण लिनु पर्ने आवश्यकता पुष्टि हुने कागजात ।

(३) फर्म/कम्पनी/संघ/संस्था दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र ।

(४) कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण ।

(५) पछिल्लो लेखापरीक्षण प्रतिवेदन ।

(६) सञ्चालक समिति वा अख्तियारप्राप्त अधिकारीबाट त्यस्तो सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा ।

(७) विदेशी मुद्रा आम्दानी भएको सम्बन्धी प्रमाण ।

(८) विदेशमा कारोबार गरेबापत नेपालमा थप विदेशी मुद्रा भित्रिने सम्बन्धी कार्ययोजना ।

(९) यस्तो कारोबार गर्दा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लगायतका प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, नियम, निर्देशनको पूर्णतया पालना गर्नु पर्नेछ ।

(१०) यस्तो सटही सुविधा लिएपश्चात् विदेशमा भएको कारोबारबाट विदेशी मुद्रा नेपाल भित्रिएको प्रमाण पेश गर्नुपर्नेछ ।

(११) यस बैंकले तोकेका अन्य शर्तहरु र कागजातहरु ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

भवदीय,

२०८०।०६।१९

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
११. श्री नेपाल उद्योग परिसंघ ।
१२. श्री नेपाल चेम्बर अफ कमर्स ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल वित्तीय संस्था संघ ।